सत्यवती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
ओहाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

आज मिति २०८१ साल कात्तिक महिनाको ९ गतेका दिन विहान ८.०० बजे यस सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री टिकाराम पाण्डेज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

अध्यक्ष- श्री टिकाराम पाण्डे
उपाध्यक्ष- श्री निरमाया तरामु
सदस्य- श्री अर्जुन कनौजे
सदस्य- श्री खड्गविर थापा
सदस्य- श्री जित वहादुर तरामु
सदस्य- श्री पिताम्वर ज्ञवाली
सदस्य- श्री वावुराम ज्ञवाली
सदस्य- श्री विष्णुप्रसाद भण्डारी
सदस्य- श्री लोकवहादुर बुढाथोकी
सदस्य- श्री होम वहादुर राना
सदस्य- श्री पतिराम वि.क.
सदस्य- श्री झना परियार
सदस्य- श्री माया कुमारी बि.क.
सदस्य- श्री सृजना कुमाल
सदस्य- श्री कमला पचभैया काउचा
सदस्य- श्री टोपली राना
सचिव- श्री कमल प्रसाद भुसाल

आमन्त्रित:
श्री नेत्र प्रसाद पाण्डे (प्रशासन शाखा)
श्री आशिष भट्ट(ईञ्जिनियर)
श्री सुजित पाण्डे सू.प्र.अ.
श्री कविता गौतम ज्ञवाली
श्री विष्णु प्रसाद ज्ञवाली

## बैठक संख्या: ३ मिति २०८१/०७/०९ गतेका प्रस्तावहरु

प्रस्ताव नं.१- अघिल्लो बैठकको समीक्षा सम्वन्धमा।

प्रस्ताव नं.२-दाङ्गिसङ्ग आमा समूहको भवनको पाली तथा शौचालय निर्माणको लागि वजेट व्यवस्था गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.३-अरुङ्गा चुकाहा सिंचाई कुलो मर्मतको लागि वजेटको व्यवस्था गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.४-कभर्ड हल निर्माणको ल.ई. संशोधन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.५-कभर्ड निर्माणको भेरियसन स्वीकृत गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.६-रकम रकमान्तर गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.७-विविध सम्वन्धमा क) गणेश आ.वि.को भान्सा कोठा निर्माण सम्वन्धमा।

ख) गाडी पार्किङ्ग स्थलको जग्गा भाडामा लिने सम्वन्धमा।

ग) योजना तथा कार्यक्रमहरुको ल.इ. स्वीकृत गरी बोलपत्र आह्वानको सूचना प्रकाशन गर्ने सम्बन्धमा।

बैठक संख्या: ५ मिति २०८१/०७/०९ गतेका निर्णयहरु

निर्णय नं. १- प्रस्ताव नं.१ अघिल्लो वैठकको समीक्षा सम्वन्धमा छलफल गर्दा मिति २०८१/०६/२१ गतेका दिन भएको वैठकको निर्णयहरुको वारेमा छलफल गरियो ।

प्रस्ताव नं.२- वडा नं. ३ मा रहेको दाङ्गिसङ्गा आमा समूहको भवनको पाली तथा शौचालय निर्माणको लागि वजेट व्यवस्था गर्ने सम्वन्धमा छलफल गर्दा उक्त भवनको पाली तथा शौचालय निर्माणको लागि प्राविधिक लागत अनुमानको अ.धारमा रकम रु.७०,०००/ भैपरी शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३-प्रस्ताव नं.३ अरुङ्गा चुकाहा सिंचाई कुलो मर्मतको लागि वजेटको व्यवस्था गर्ने सम्वन्धमा छलफल गर्दा प्राविधिक ल.ई.को आधारमा रकम रु.७८,५३५/ सिंचाई कार्यक्रम शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं.४- प्रस्ताव नं.४-कभर्ड हल निर्माणको ल.ई. संशोधन गर्ने सम्वन्धमा छलफल गर्दा उक्त कार्य गर्नको लागि १६ वटा ठाडो पोष्ट थप गर्ने र पहिले तयार गरेको ल.ई. मा रु.९,२७,२८८.९० थप गरी तयार भएको ल.ई. रु.१,२३,४४,०६४.४५(एक करोड तेइस लाख चवालिस हजार चौसठ्ठी पैसा पैंतालिस मात्र ) स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.५- प्रस्ताव नं.५-कभर्ड हल निर्माणको भेरियसन स्वीकृत गर्ने सम्वन्धमा छलफल गर्दा कभर्ड हल निर्माण गर्दा पुरानो २४ वटा १२x१२ को कंक्रिट पिल्लर रहेको, कंक्रिट पिल्लरको उचाई करिब ३० फिट हुने हुँदा उक्त पिल्लरले लोड धान्न नसक्ने हुँदा ठाडो फलामे ञ्त्तख ३०० को १६ वटा ठाडो पोष्ट दिनु पर्ने आवश्यक देखिएको हुँदा फलामको परिमाण थप गर्नु परेकोले उल्लेखित थप कार्यसमेतको लागि रु.१,२३,४४,०६४।४५ (अक्षरेपी एक करोड तेइस लाख चौवालिस हजार चौसट्ठी रुपैंया, पैंतालिस पैसामात्र) (मू.अ.कर र पि.एस सहित) को संशोधित ल.ई. तयार भएको ।

पहिले सम्झौता भएको रकम रु. ७३,५८,५०२।६९ (मू.अ.कर र प.एस सहित) मा रु ७,३४,७११।५४ थप भई जम्मा रु ८०,९३,२१४।२३ (अक्षरेपि असी लाख त्रियान्नब्बे हजार दुई सय चौध रुपैंया, तेइस पैसा मात्र) लाग्ने देखिएकोले उक्त भेरियसन आदेश स्वीकृत गर्ने सम्वन्धमा "सार्वजनिक खरिद ऐन,२०६३" को दफा ५४ अनुसार खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकेको परिस्थिती सिर्जना भई ऐनको दफा ५४ बमोजिम भेरियसन आदेश जारी गर्नुपर्ने भएकोले आवश्यक प्रक्रिया पुरा गरी थप हुन गएको रकम रु. ७,३४,७११।५४ (९.९८%) को भेरियसन स्वीकृत गर्ने निर्णय गरियो।

प्रस्ताव नं.६- प्रस्ताव नं. ६ रकम रकमान्तर सम्वन्धमा छलफल गर्दा जुनियाँ स्वास्थ्य चौकी भवन निर्माणको लागि रकम अपुग भएकोले प्रशासकीय भवन निर्माण शीर्षकवाट रु.५ लाख र लागत सहभागिता शीर्षकवाट रकम रु.५ लाख गरी जम्मा रकम रु.१० लाख जुनियाँ स्वास्थ्य चौकी भवन निर्माण शीर्षकमा रकमान्तर गरी उपलव्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.७- विविध क) सम्वन्धमा श्री श्रीगणेश आधारभूत विद्यालयको भान्सा कोठा निर्माणको लागि वजेट व्यवस्थापन सम्वन्धमा छलफल गर्दा प्राविधिकको लागत अनुमान अनुसार रकम रु.१,७०,८५०/ विद्यालय भौतिक पूर्वाधार निर्माण शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो ।

विविध ख) सम्वन्धमा गाडी पार्किङ्ग स्थल व्यवस्थापनको लागि सत्यवती गाउँपालिका वडा नं. ६ वस्ने पुष्टकला ढकालको साविक जोहाङ्ग गा.वि.स. वडा नं. ५ मा रहेको कि.नं. २१३४ को क्षेत्रफल २-६-०-१ मध्ये ०-६-२-० जग्गा मिति २०८१/०८/०१ गतेदेखि लागु हुने गरी मासिक रु. ५५०/ दिने गरी भाडा सम्झौता निर्णय गरियो ।

विविध ग) योजना तथा कार्यक्रमहरुको ल.इ. स्वीकृत गरी बोलपत्र आह्वानको सूचना प्रकाशन गर्ने सम्वन्धमा छलफल गर्दा निम्नानुसारका योजनाहरुको ल.इ. स्वीकृत गरी बोलपत्र आह्वानको सूचना प्रकाशन गर्ने निर्णय गरियो।

| क.सं. | योजनाको नाम | ठेगाना | ल.इ. रकम |
|---|---|---|---|
| १ | छत्तीमवोट-हँसरा-विर्मी मो.वा. स्तरोन्नती | सत्यवती-५ | १३३१९५७.४८ |
| २ | रमबारी सिंचाइ योजना, वाटक, रुद्रवेणी, रामबारी सिंचाइ कुलो मर्मत, चौर ५,६,७ सिंचाइ योजना | सत्यवती-१ | १६८८५४४.०८ |
| ३ | द्वागा मो.वा. स्तरोन्नती र मचाकोट नाली निर्माण तथा द्वागा बाटो मर्मात | सत्यवती-१ | १४५९५८४.१२ |
| ४ | लक्ष्मीनारणय मन्दिर तथा कमलाक्षसुरी आश्रम निर्माण | सत्यवती -६ | १३९९३६८.२० |
| ५ | जोहाङ्ग प्राथमिक स्वास्थ्य चौकी पुँजीगत सुधार | सत्यवती-६ | १४९६२६०.८२ |
| ६. | चेहेमी सिंचाइ कुलो मर्मत र पाहादी सिंचाइ कुलो मर्मत | सत्यवती-२ | १२८८५५४.०८ |
| ७ | साहाघाट-लिम्घा सडक स्तरोन्नती | सत्यवती-४ | २७२३८१६.५५ |
| ८ | अस्लेवा स्वास्थ्य चौकी ट्रस निर्माण | सत्यवती-१ | १२'७६५०८.९३ |